# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

## फोहोरमैला व्यवस्थापन सम्वन्धी शिलबन्दी प्रस्ताव आह्वान गरिएको सूचना !

(प्रथम पटक प्रकाशन मिति – २०८१/०४/०३)
ने.सं. ११४४ दिल्लाथ्व, १२ बिहीवार

आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आर्थिक वर्ष २०८१।०८२ मा यस गाँउपालिकाको बडडाँडा बजार क्षेत्र, दर्भान बजार क्षेत्र र बांगेसाल साना किसान क्षेत्र लगायतका क्षेत्रहरुमा जम्मा गरी राखिएको फोहोरलाई तत् तत् क्षेत्रबाट ट्याक्टरमा उठाई यस गाउँपालिकाको वडा नं. २ स्थित डम्पीङ्ग साईडमा ढुवानी तथा व्यवस्थापन गराउनुपर्ने कार्य इच्छुक फर्म/कम्पनी वा संस्थाले तपशिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र तपशिलमा उल्लेखित शर्त बमोजिमको समयमा प्रस्ताव फारम खरिद तथा दाखिला गर्न यो सूचना प्रकाशित गरिएकोछ ।

तपशिल

| ठेक्का न | विवरण | अधिक्तम ठेक्का मुल्य (मु.अ.कर समेत) | जमानत रकम | प्रस्ताव फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| SRM/WM-01/081/82 | फोहरमैला ब्यबस्थापन | ४,५०,०००.०० | १३,०००.०० | १०००.०० | |

१. इच्छुक प्रस्तावदाताले प्रचलित कानून वमोजिम दर्ता भएका वा इजाजत प्रास फर्म वा सस्थाले फर्म वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७९/०८० को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी आ.ब. २०८०/०८१ सम्मको फर्म नविकरण प्रमाणपत्र प्रतिलिपी नेपाली नगरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको ७ औं दिनको (मितिः २०८१।०४।०९ गते) कार्यालय समयसम्म प्रस्ताव फारम खरिद गर्नु पर्ने छ ।

२. यस सूचना प्रकाशन भएको मितिले ८ औं दिन (मिति २०८१।०४।१०)को १२.०० बजे भित्र यस कार्यालयवाट खरिद गरिएको खरिद गरिएको प्रस्ताव फारम भरी, कार्यालयले प्रमाणित गरेको सक्कल प्रस्ताव फारममा आफुले उक्त कार्य के कति रकममा गर्न सक्ने हो स्पष्ट खुलाई शिलवन्दी प्रस्ताव पेश गर्नुपर्नेछ । कार्यालयमा पेश भएका उक्त प्रस्तावहरु सोही दिनको २.०० बजे पछि वोलपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।

३. प्रस्ताव फारम खरिद बापतको रकम यस कार्यालयको प्राईम कमर्शियल बैंक सरुमारानी शाखामा रहेको GA 1.1 SARUMARANI ANTARIK RAJASWA KHATA 06801000000038500117 खातामा जम्मा गरेको कारोबार संकेत नं. सहितको सक्कलै भौचर अथवा https://sutrarevenue.fcgo.gov.np (स्थानीय राजश्व पोर्टल) मार्फत अनलाइन भुक्तानी गरेको भौचर प्रस्ताव फारम संग संलग्न गरी पेश गर्नुपर्नेछ ।

२०८१/४/०२
प्रमुख प्रशासकिय अधिकृत

४. जमानत रकम रु. १३०००.०० यस कार्यालयको प्राईम कमर्शियल बैंक सरमारानी शाखामा रहेको GA.3 SARUMARANI DHARAUTI KHATA- 06801000000039400101 मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको प्रस्ताव दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको विडवण्ड प्रस्ताव फारमको साथ दाखिला गर्नु पर्नेछ ।

५. ठेक्का सम्बन्धि अन्य शर्त तथा विस्तृत विवरण यस कार्यालयबाट उपलब्ध गराईने प्रस्ताव फारममा उल्लेख गरिएको छ । वोलपत्रदाताले उक्त सबै शर्तहर पुरा गर्नु पर्नेछ ।थप जानकारीको लागि कार्यालयको वेवसाइट https://sarumaranimun.gov.np/ र फोन नं. ९८५७८३६०२२, ९८४७८२०४९१ मा सम्पर्क गर्न सकिनेछ ।

२०८१।४।०२

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

आ.ब. २०८१।०८२ मा यस सरुमारानी गाउँपालिकाको बड्डाँडा बजार क्षेत्र, दर्भान बजार क्षेत्र र बांगेशाल साना किसान क्षेत्र लगायतका क्षेत्रहरुको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य

## प्रस्ताव फारम

ठेक्का नं. : SRM/WM-01/081/82

रसिद/भौचर नं.:

मितिः

# निवेदन-पत्र

मिति:२०८०/........./....... गते

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाडाँ, प्यूठान

**विषयः प्रस्ताव पेश गरेको बारे ।**

महोदय,

प्रस्तुत सन्दर्भमा तहाँ कार्यालयको मिति २०८१।०४।०३ गते प्रकाशित सूचना अनुसार आ.व. २०८१।०८२ मा यस सरुमारानी गाउँपालिकाको बड्डाँडा बजार क्षेत्र, दर्भान बजार क्षेत्र र बांगेशाल साना किसान क्षेत्र लगायतका क्षेत्रहरुको फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य ठेक्का प्रतिस्पर्धाका लागि संलग्न शर्त बन्देज तथा जानकारी अध्ययन गरी निम्न विवरण खोली हार्ड (Hard Copy) मार्फत दरभाउँपत्र पेश गरेको छु । मरो दरभाउँपत्र स्वीकृत भएमा त्यस गाउँ कार्यपालिकाको कार्यालयद्वारा निर्देशित शर्त तथा नियमहरु पालना गरी उक्त कार्य गर्न इच्छुक रहेको व्यहोरा अनुरोध गर्दछु।

**१.मैले/ यस फर्मले ठेक्का लिन चाहेको ठेक्काको विषय क्षेत्र र कबोल अंक यस प्रकार रहेको छ।**

| ठेक्का नं. | ठेक्काको विषय क्षेत्र | कुल वार्षिक कबोल अंक रु. (मु.अ.कर बाहेक) | | धरौटी रु. मा र विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | | |
| SRM/WM-01/081/82 | फोहोर मैला व्यवस्थापन | | | | |

२. तपशिलमा उल्लेखित कागजपत्रहरु संलग्न छन् ।

क.................................

ख.................................

ग.................................

घ.......................................

ङ.....................................

निवेदकः

नामथरः

हस्ताक्षेरः

फर्म वा कम्पनीको नामः

क. शर्तहरु:

१. ठेक्का अवधी सम्झौता मिति देखि २०८२ सालको श्रावण पहिलो हसासम्म हुनेछ ।

२. प्रस्ताव फारमको लागि प्रस्ताव दाखिला हुने समय भित्र प्रस्तावदाताहरुले प्रस्ताव फारम दस्तुर रकम यस कार्यालयको प्राईम कमर्शियल बैंक लिमिटेड सरुमारानी गाउँपालिकाको सरुमारानी शाखामा रहेको आरन्तरीक राजस्व खाता नं. ०६८०१००००००३८५००११७ मा जम्मा गरेको बैंक भौचर वा स्थानीय राजश्व पोर्टल https:/sutrarevenue.fcgo.gov.np मार्फत अनलाइन भुक्तानी गरेको भौचर र आवश्यक उल्लेखित कागजातहरु अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

३. प्रस्ताव फारमहरु नियमानुसार यस गाउँपालिकाको प्रस्ताव फारम भरी प्रस्तावदाताले, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७९/०८० को कर चुक्ता वा म्याद थप, प्रस्तावको लागि योग्य रहेको र प्रस्तावदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र मिति २०८१/०४/१० दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएका प्रस्तावहरु सोही दिनको २:०० बजे यस कार्यालयमा प्रस्तावदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ प्रस्तावदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

४. प्रस्तावदाताले हार्ड कपी (Hard Copy) मार्फत पेश गरेको प्रस्ताव मिति २०८१।०४।१० दिनको १२:०० बजे पछि पेश गरेमा मुल्याङ्कनमा समाबेश गरीने छैन साथै प्रस्तावको सूचना आह्वाना भएको सातौ दिन भित्र प्रस्तावदाताले बालपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ।

५. प्रस्ताव फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको प्राईम कर्मशियल बैंक लिमिटेड, सरुमारानी शाखामा रहेको रहेको धरौटि खाता नं. ०६८०१००००००३९४००१०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा प्रस्ताव दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको प्रस्ताव माथी कुनै कारवाही गरिने छैन ।

७. ठेक्का सम्झौता गर्दा कार्य सम्पादन जमानत सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पेश गर्नुपर्नेछ ।

८. प्रस्तावखाताले सम्झौता पत्रमा उल्लेखित सम्पूर्ण ठाउँहरुको फोहोर व्यवस्थापन कार्यालयले तोके बमोजिम गर्नुपर्नेछ । सो भन्दा फरक हुने गरी काम गरेमा वा तोकेको कार्य नगरेमा कानून बमोजिम कारबाही र कार्य सम्पादन जमानत रकम जफत गर्न कार्यालय बाध्य हुनेछ ।

९. पेश भएका प्रस्ताव स्वीकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. यस सूचना र प्रस्ताव फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

११. विस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्बन्धित सबैलाई जानाकारी गराइन्छ।

१२. प्रचलित नियमानुसार अयोग्य र कालोसूचीमा परेका र गाउँपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनी उपर कुनै कारवाही हुनेछैन ।

१३. प्रस्तावदाताको प्रस्ताव स्वीकृत भइ कार्य सम्झौता भएपछि यस गाउँपालिकाको बड्डाँडा बजार, दर्भान बजार क्षेत्रका साथै बाङ्गेसाल साना किसान, छात्रावास, मियाँटोल र प्यालिबाँझ लगायतका क्षेत्रबाट फोहोर मैला उठाई गाउँपालिकाले तोकेको डम्पीङ्ग क्षेत्रमा लैजानु पर्नेछ। डम्पीङ्ग क्षेत्रको खाडल भन्दा अन्य स्थानमा फोहोर फाल्न पाईने छैन । मुख्य सडकबाट डम्पीङ्ग साईडमा जाने बाटो दोश्रो पक्षले सफाई गरेको हुनु पर्नेछ।

१४. बड्डाँडा बजार र दर्भान बजार क्षेत्रबाट फोहोर मैला प्रत्येक हप्ताको दुई दिन (शुक्रबार र मंगलबार) गतेका दिन तोकिएका सबै क्षेत्रबाट उठाउनु पर्नेछ र उक्त फोहोर मैला एक पटकमा नउठेमा पटक-पटक गरेर भए पनि सम्पूर्ण फोहोर मैला उठाउनु पर्नेछ ।

१५. तोकिएको परिमाण र समयमा फोहोर मैला उठाएको अनुगमनका आधारमा वार्षिक रुपमा दर्भान बजार र बड्डाडा बजार क्षेत्रको (मिति २०८१ श्रावण १३ गते देखि मिति २०८२ श्रवण १५ सम्मको) कबोल रकम भुक्तानी गरिनेछ । उक्त रकममा निमानुसार कर कट्टी गरिनेछ ।

१६. गाउँपालिकाले दिएको फोहोर मैला उठाउने तालिका अनुसार फोहोर मैला उठाउनु पर्नेछ ।फोहोर मैला उठाउनको लागि गाडी, आवश्यक सामाग्री र जनशक्ति आफै व्यवस्था गर्नु पर्नेछ । गाउँपालिकाले आयोजना गरेको कुनै कार्यक्रम स्थलमा फोहोरमैला उठाउनु पर्ने अवस्था आएमा गाउँपालिकाले दिएको निर्देशन अनुसार प्रस्तावदाताले फोहोरमैला उठाउनु पर्नेछ ।

१७. फोहोरमैला उठाउन आउँदा टेक्टरमा साइरन/घण्टी जडान गरी बजाउनु पर्नेछ, साथै गाउँपालिकाको सूचनामूलक सन्देशहरू प्रचार प्रसार गर्नुपर्नेछ ।

१८. कामकाजको शिलशिलामा गाउँपालिका प्रति जवाफदेही हुनु पर्नेछ ।

१९. कार्यालय तथा वडा कार्यालयहरुबाट अनुगमन गर्दा सम्झौता बमोजिमको कार्य नगरेको फोहोर मैला व्यवस्थापन नभएको देखिएमा कार्यालय उक्त कार्य वापतको रकम भुक्तानी गर्न बाध्य हुनेछैन ।

२०. प्रस्तावदाताले ठेक्का सम्झौता पछि सम्झौता रकमलाई ३ किस्तामा प्रथम दोस्रो र तेस्रो चौमासिक गरी चौमासिक रुपमा भुक्तानी गरीनेछ । भुक्तानी गर्दा वडा कार्यालयहरुको सिफारिस अनिवार्य हुनेछ।

२१. तोकिएको डम्पिङ्ग साइट भन्दा बाहिर फोहोर व्यवस्थापन गर्न पाइनेछैन ।

२२. प्रस्तावदाताले डम्पिङ्ग साइट क्षेत्रमा फोहोर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

२३. प्रस्तावदाताले कामदारहरुका लागि प्राथमिक उपचारका साथै माक्स, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

२४. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछ ।

२५. ठेक्का सम्झौता र प्रस्ताव फारममा उल्लेख भएका शर्तहरुको व्याख्या गर्ने अधिकार सरुमारानी गाउँपालिकामा सुरक्षित रहनेछ

२६. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम तथा सरुमारानी गाउँ कार्यपालिकामा निहित रहनेछ ।

प्रस्तावदाताको नामः

ठेगानाः

हस्ताक्षरः

मितिः

प्रमुख प्रशासकीय अधिकृत